# नेपाल सरकार
## शिक्षक सेवा आयोग
## माध्यमिक तह (कक्षा ९-१२) को शिक्षक अध्यापन अनुमतिपत्रको लिखित परीक्षा पाठ्यक्रम, २०७५

परिचय

शिक्षण एक विशेष प्रकृतिको ज्ञान, सिप र कला कौशल आवश्यक पर्ने पेसा हो । शिक्षण गर्ने व्यक्तिमा शिक्षणका निमित्त बाल मनोविज्ञान, सिकाइ सिद्धान्त जस्ता आधारभूत ज्ञानका अतिरिक्त सम्बन्धित क्षेत्रको कानुनी आधार र पेसाको आचार संहिता जस्ता विषय क्षेत्रको ज्ञान हुन आवश्यक छ । त्यसको अलवा सम्बन्धित विषयको विषयगत ज्ञान र शिक्षण कलामा प्रवीणतालाई अनिवार्य तत्त्वका रूपमा लिने गरिन्छ । यिनै पक्षहरूलाई समेट्ने गरी नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७२/१२/०३ को निर्णयबाट स्वीकृत गरिएको शिक्षकको सक्षमताको प्रारुप (Teacher Competency Framework) २०७२, लाई यस अध्यापन अनुमति पत्रको पाठ्यक्रम तयार गर्दा आधारको रूपमा अङ्गिकार गरिएको छ ।

मूलतः यस पाठ्यक्रमलाई दुई पत्रमा विभाजन गरिएको छ - पहिलो र दोस्रो पत्र । पहिलो पत्रमा शिक्षण गर्ने विषयको ज्ञान तथा शिक्षणकलालाई समेटिएको छ भने दोस्रो पत्रमा शिक्षकको पेसागत ज्ञानलाई समेटिएको छ र यो सबै विषयका लागि अनिवार्य र एउटै हुनेछ ।

उद्देश्य

यस पाठ्यक्रमको उद्देश्य शिक्षण पेसामा प्रवेश गर्न चाहने नवप्रवेशी व्यक्तिको शिक्षण पेसासम्बन्धी ज्ञान र सिपको परीक्षण गर्ने र शिक्षण पेसामा न्यूनतम सक्षमता हासिल गरेका व्यक्तिलाई प्रमाणीकरण गरेर सस्थागत र कानुनी आधार तयार गर्नेछ ।

### लिखित परीक्षा योजना (Examination Scheme)

लिखित परीक्षा योजना देहाय बमोजिम हुनेछ । यसमा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० हुनेछ ।

| क्र.सं. | पत्र | पूर्णाङ्क | परीक्षा प्रणाली/ प्रश्नका प्रकार | प्रश्न सङ्ख्या | अङ्क भार | समय |
|---|---|---|---|---|---|---|
| १ | पहिलो पत्र (विषयगत ज्ञान र शिक्षण कला) | ४० | वस्तुगत (बहुवैकल्पिक) | ४० | १ | ४० मिनेट |
| | | २५ | विषयगत प्रश्न | ५ | ५ | १ घण्टा १५ मिनेट |
| २ | दोस्रो पत्र (पेसागत ज्ञान) | ३५ | विषयगत प्रश्न | ७ | ५ | १ घण्टा ५ मिनेट |
| | जम्मा | १०० | | ५२ | | ३ घण्टा |

द्रष्टव्यः

लिखित परीक्षाको माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा दुबै हुनेछ । तर दोस्रो पत्र अन्तर्गतको भाषा विषयको माध्यम भने सोही भाषा हुनेछ । पाठ्यक्रमको पहिलो र दोस्रो पत्रको विषयवस्तु (Content) फरक फरक हुनेछन् । साथै पहिलो र दोस्रो पत्रको लिखित परीक्षा एकै पटक सञ्चालन हुनेछ । पहिलो र दोस्रो पत्रका लागि उत्तरपुस्तिकाहरू अलग अलग हुनेछन् ।

**दोस्रो पत्र**

**पेसागत ज्ञानसम्बन्धी विषय क्षेत्र** **पूर्णाङ्क : ३५**

परिचय :

वि.सं.२०५६ मा स्थापित राष्ट्रिय शिक्षक सेवा आयोग र २०५८ माघ २५ मा शिक्षा ऐन, २०२८ मा गरिएको सातौं संशोधन दफा ११ख. मा गरिएको व्यवस्था बमोजिम शिक्षक सेवा आयोगको स्थापना भएको हो । यस आयोगको स्थापना पश्चात् विद्यालय तहमा शिक्षण गर्नका लागि अध्यापन अनुमति पत्रको व्यवस्था अनिवार्य गरिएको हो । यस अघिसम्म अध्यापन अनुमति पत्रका लागि शिक्षासम्बन्धी केही पेसागत एवम् विषयवस्तुसम्बन्धी आधारभूत ज्ञान समावेश भएको पाठ्यक्रममा आधारित लिखित परीक्षामार्फत तहगत अध्यापन अनुमतिपत्र वितरण हुँदै आएको थियो । हाल आएर माध्यमिक तहमा विषयगत दरवन्दी तथा पठनपाठनको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको, विभिन्न कार्यशाला, गोष्ठी तथा बैठकमा विषयगत अध्यापन अनुमतिपत्रको व्यवस्था गर्न सुझाव प्राप्त भएको, शिक्षा ऐन, २०२८ को आठौ संशोधन पश्चात् विद्यालय तहको संरचनामा परिवर्तन भई कक्षा ९ देखि १२ सम्म माध्यमिक तह कायम भएको सन्दर्भमा शिक्षक सेवा आयोगले विषयगत अध्यापन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेकाले सोही अनुसार अध्यापन अनुमति पत्रको पाठ्यक्रममा समसामयिक परिमार्जन गरिएको छ ।

उद्देश्य :

नेपालको विद्यालय शिक्षा सेवाको माध्यमिक तहमा विषयगत रूपमा अध्यापन गराउनका लागि पेसागत रूपमा दक्ष, प्रतिभाशाली तथा क्षमतावान व्यक्तिहरूको पहिचान गर्नु ।

विषयगत ज्ञान (पेसागत ज्ञान – द्वितीयपत्रको लागि)

विषयवस्तु :

१. नेपालको विद्यालय शिक्षासम्बन्धी जानकारी
   - १.१ शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित)
   - १.२ उच्च माध्यमिक शिक्षा ऐन २०४६ (संशोधन सहित)
   - १.३ शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित)
   - १.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षासम्बन्धी व्यवस्था)
   - १.५ शिक्षाको राष्ट्रिय उद्देश्य तथा माध्यमिक शिक्षाका उद्देश्यहरू
   - १.६ नेपालका विभिन्न शिक्षा आयोग तथा समितिका प्रतिवेदनहरू (माध्यमिक तथा उच्च माध्यमिक शिक्षा एवम् शिक्षक व्यवस्थापनसम्बन्धी)
   - १.७ चालु आवधिक योजनामा शिक्षा
   - १.८ चालु आर्थिक वर्षको वजेट तथा कार्यक्रममा शिक्षा
   - १.९ शिक्षामा सङ्घीयताको अवधारणा, व्यवस्थापन र चुनौती र समस्याको समाधान

२. बालबालिका र सिकारुसम्बन्धी ज्ञान
   - २.१ किशोरावस्थाका बालबालिका विशेषता, विकासात्मक कार्यहरू, शारीरिक परिवर्तन, सामाजिक समायोजन, संवेगात्मक स्वरूप, नैतिकताको परिवर्तन तथा रुचिहरू
   - २.२ किशोरावस्थाका बालबालिकाको विकासका लागि शिक्षकको भूमिका तथा प्रभावकारी सिकाइका लागि ध्यान दिनुपर्ने कुराहरू
   - २.३ बालबालिकाको सिकाइ आवश्यकतामा विविधता, विशेष सिकाइ आवश्यकता र विशिष्ट क्षमता : पहिचान, सिकाइमा उपयोग, सिकाइसँगको सम्बन्ध, शिक्षणमा सोको उपयुक्त सम्बोधन

३. बालबालिकाको सिकाइ तथा सिकाइ सिद्धान्तसम्बन्धी जानकारी
   - ३.१ बालबालिकाको सिकाइ : परिचय, विशेषता, चरणहरू, सिकाइलाई प्रभाव पार्ने तत्वहरू, शिक्षकको भूमिका, ध्यान दिनुपर्ने कुराहरू
   - ३.२ सिकाइका सिद्धान्तहरू (अवधारणा, विकास, विशेषता, शिक्षण सिकाइमा प्रयोग, चुनौती)
     - Behaviourism (Skinnerian conditioning)
     - Cognitivism (Werthemer's, Tolman's and Bruner's view of learning)
     - Constructivism (Vygoskey's and Piaget's approach to learning)

४. सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन
   - ४.१ सिकाइ वातावरण : परिचय, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू
   - ४.२ कक्षाकोठा व्यवस्थापन : परिचय, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू
   - ४.३ विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिकता, शारीरिक तथा मानसिक अवस्था) : अवधारणा, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

४.४ विद्यार्थी समूह निर्माण : आवश्यकता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने पक्षहरू

४.५ बालमैत्री विद्यालय : अवधारणा, महत्व, मापदण्ड, सूचकहरू, व्यवस्थापनका तरिकाहरू, चुनौती, ध्यान दिनुपर्ने पक्षहरू

५. सञ्चार तथा सहकार्य

५.१ विद्यार्थी, अभिभावक तथा शिक्षकबिचको सञ्चार र सहकार्य : आवश्यकता, तरिका, चुनौती, ध्यान दिनुपर्ने कुराहरू, विद्यार्थी सिकाइमा यसको उपयोग

५.२ शिक्षण सिकाइमा सञ्चार : परिचय, महत्व, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

५.३ शिक्षक पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि आपसी सहयोग र सहकार्य : परिचय, महत्व, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

५.४ शैक्षिक मार्गदर्शन तथा परामर्श (Educational Guidance and Counseling): परिचय, आवश्यकता, प्रयोग, शिक्षकको भूमिका, ध्यान दिनुपर्ने कुराहरू

६. निरन्तर सिकाइ, मापन र मूल्याङ्कन तथा पेसागत विकास

६.१ शिक्षकको निरन्तर सिकाइ र पेसागत विकास : अवधारणा, महत्व, विशेषता, प्रकार, अभ्यास, चुनौती

६.२ शिक्षणमा कार्यमूलक अनुसन्धान : अवधारणा, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

६.३ शिक्षण सिकाइमा घटना अध्ययन : अवधारणा, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

६.४ मापन र मूल्याङ्कन : अवधारणा र भिन्नता, विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग, नतीजा विश्लेषण र यसको उपयोग, परीक्षणमा वैधता र विश्वासनीयता, मूल्याङ्कन पद्धतिमा देखिएका चुनौती र समाधानका उपायहरू

६.५ शिक्षण सिकाइमा नवप्रवर्तन तथा सिर्जनशीलता : अवधारणा, महत्व, विशेषता, प्रयोग, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

६.६ प्रभावकारी शिक्षण सिकाइका लागि समसामयिक रणनीतिहरू : समालोचनात्मक चिन्तन, परियोजनामा आधारित सिकाइ, समस्यामा आधारित सिकाइ

७. कानुनी आधार तथा पेसागत आचारसंहिता

७.१ नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ तथा नेपालको संविधान २०७२ मा रहेका मौलिक हक अन्तर्गत शिक्षासम्बन्धी व्यवस्थाहरूको तुलनात्मक अध्ययन

७.२ शिक्षक सक्षमता प्रारूप : परिचय, महत्व, मुख्य प्रावधानहरू, प्रयोग, चुनौती

७.३ शिक्षकको पेसागत आचरण, पदीय मर्यादा तथा नैतिक व्यवहार : अवधारणा, महत्व, अभ्यास, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

७.४ बालबालिकाप्रति समता र सम्मानजनक व्यवहार : अवधारणा, महत्व, अभ्यास, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

७.५ सामाजिक मूल्यमान्यता र स्थानीय संस्कृतिप्रति सम्मान र सहिष्णु व्यवहार : अवधारणा, महत्व, अभ्यास, चुनौती, ध्यान दिनुपर्ने कुराहरू

७.६ शिक्षासम्बन्धी विश्वव्यापी मान्यताहरू (मानव अधिकार, बालअधिकार, मौलिक हकका रूपमा शिक्षा, सबैका लागि शिक्षा, इन्चोन घोषणा र दिगो विकासका लागि शिक्षा) : परिचय, मुख्य प्रावधानहरू, महत्व, प्रयोग, चुनौती

विशिष्टीकरण तालिका

| क्र.सं. | पाठ्यक्रमको क्षेत्र र विषयवस्तु | विषयगत प्रश्न | | जम्मा अङ्क |
|---|---|---|---|---|
| | | सङ्ख्या | भार | |
| १ | नेपालको विद्यालय शिक्षासम्बन्धी जानकारी | १ | ५ | ५ |
| २ | बालबालिका र सिकारुसम्बन्धी ज्ञान | १ | ५ | ५ |
| ३ | बालबालिकाको सिकाइ तथा सिकाइ सिद्धान्तसम्बन्धी जानकारी | १ | ५ | ५ |
| ४ | सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन | १ | ५ | ५ |
| ५ | सञ्चार तथा सहकार्य | १ | ५ | ५ |
| ६ | निरन्तर सिकाइ, मापन र मूल्याङ्कन तथा पेसागत विकास | १ | ५ | ५ |
| ७ | कानुनी आधार तथा पेसागत आचार संहिता | १ | ५ | ५ |
| | **जम्मा** | **७** | **५** | **३५** |